**Humanities and Social Sciences Journal,** Volume 14, Number 2, 2023, pp. 127–136

# *अग्निदत्त+अग्निदत्त* उपन्यासमा अनुभूतिको संरचना

**डा. हरिप्रसाद सिलवाल** *

## सारसङ्क्षेप

प्रस्तुत आलेखमा ध्रुवचन्द्र गौतमद्वारा रचित *अग्निदत्त+अग्निदत्त* उपन्यासको अनुभूतिको संरचनाका मान्यताबाट विश्लेषण गरिएको छ । अनुभूतिको संरचना साहित्यको समाजशास्त्रीय समालोचना सिद्धान्तको एक महत्त्वपूर्ण उपागम हो । यसका निम्ति रेमन्ड विलियम्सद्वारा अघि सारिएको साहित्यको समाजशास्त्रअन्तर्गत अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक पर्याधारको प्रयोगगरिएको छ । प्रस्तुत आलेखमा उक्त सैद्धान्तिक दृष्टिले *अग्निदत्त+अग्निदत्त* उपन्यासमा निहित अनुभूतिका संरचनात्मक पक्षहरू के कस्ता छन् भन्ने शोध समस्याको प्राज्ञिक समाधान गर्ने शोधउद्देश्य रहेको छ । यो गुणात्मक शोधपद्धतिमा सम्पन्न गरिएको अनुसन्धानात्मक आलेख हो भने यसमा सिद्धान्तलाई अघि सारेर विश्लेषण गरी त्यसको आधारमा निष्कर्ष निकालिएको छ । अनुसन्धानात्मक विश्लेषणबाट *अग्निदत्त+अग्निदत्त* उपन्यासमा विसङ्गतिको बोध, पौराणिक कथन, मिथकीय जिज्ञासा, नैराश्य, आशङ्का, तनाव, पारिवारिक र सामाजिक दबाब, सन्न्यासबोध, भय, संशय जस्ता विशिष्ट अनुभूतिको संरचनाहरू अभिव्यञ्जित भएको सार पाइएको छ ।यस आलेखमा पुस्तकालयीय स्रोतमार्फत प्राथमिक र द्वितीयक प्रकृतिका सामग्रीको प्रयोग गरिएको छ । यस आलेखलाई एपिए ढाँचामा प्रस्तुत गरिएको छ ।

***शब्दकुञ्जी :*** अनुभूति, आवेग, मनोदशा, साहित्यको समाजशास्त्र ।

## विषयपरिचय

ध्रुवचन्द्र गौतम (वि.सं.२०००)आख्यान विधाअन्तर्गत मूलतः उपन्यासस्रष्टा हुन् । उनको साहित्यिक प्रकाशनको आरम्भ २०२०मा 'तटस्थता असफलता' शीर्षकको कविताबाट भएको हो । उनले कथा, उपन्यास, नाटक, गीत जस्ता साहित्यका धेरै विधामा साहित्यिक रचना गरेका छन् । साहित्यिक पत्रकार र सम्पादन क्षेत्रमा पनि बौद्धिक भूमिका निर्वाह गरेका गौतमको मूल लेखन उपन्यास विधा हो । उपन्यासकार गौतमको पहिलो प्रकाशित उपन्यास *अन्त्यपछि* (२०२४) हो । त्यसपछि गौतमका *बालुवामाथि* (२०२८), *डापी* (२०३३), *कट्टेलसरको चोटपटक* (२०३७), *अलिखित* (२०४०), *निमित्त नायक* (२०४३), *देहमुक्त* (२०४४), *स्वर्गीय हीरादेवीको खोजमा* (२०४५), *एक सहरमा एक कोठा* (२०४६), *उपसंहार अर्थात् चौथो अन्त्य* (२०४८), *दुविधा* (२०५२), *अग्निदत्त+अग्निदत्त* (२०५३), *फूलको आतङ्क* (२०५५), *सहस्त्राब्दीको अन्तिम प्रेम कथा* (२०५६), *बाढी* (२०५६),*अवतार विघटन, ज्यागा* आदि उपन्यासहरू प्रकाशित भएका छन् । सामाजिक यथार्थका विषयवस्तुलाई

* *उपप्राध्यापक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।*

*इमेल : hps2066@gmail.com*

नवीन शिल्प र संरचनामा प्रस्तुत गर्न सक्रिय आख्यानकार हुन् । उनको उपन्यास लेखनमा विसंरचना, उत्तरआधुनिकता र प्रयोगशील अभिव्यक्ति रहेको हुन्छ । उनको *अग्निदत्त+अग्निदत्त* उपन्यासमा गिरीशबल्लभ जोशीद्वारा लिखित *वीरचरित्र* (१९६०) उपन्यासलाई आधार मानी त्यसको विनिर्माण एवं विसंरचना गरिएको छ । वीरचरित्र उपन्यासका पात्रहरूलाई विनिर्माण गर्दा ती पात्रका चरित्रचित्रणलाई पनि नयाँ दृष्टिमा प्रस्तुत गरेको पाइन्छ । यस उपन्यासका पात्रमा प्रयुक्त चरित्रचित्रणका आधारमा तिनका अनुभूतिको संरचनालाई यस आलेखमा विश्लेषण गरिएको छ ।यसका निम्ति रेमन्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक मान्यतालाई आधार बनाइएको छ ।

**अध्ययन विधि र सैद्धान्तिक पर्याधार**

प्रस्तुत आलेखमा पुस्तकालयीय स्रोतको उपयोग गरी प्राथमिक र द्वितीयक प्रकृतिका सामग्रीहरू सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूलाई विद्वान् रेमन्ड विलियम्सको अनुभूतिको संरचनासित सम्बद्ध सिद्धान्तको सापेक्षामा प्रयोग गरी उपन्यास विश्लेषणमा उपयोग गरिएको छ । यस शोध अध्ययनमा गुणात्मक शोधविधिको प्रयोग गरिएको छ । साहित्यको विश्लेषणका निम्ति सिद्धान्तलाई अघि सारेर औपन्यासिक अभिव्यक्तिको अध्ययन गरी निष्कर्षमा पुगेकाले यो आलेख निगमनात्मक अनुसन्धान विधिमा सम्पन्न भएको छ । यस आलेखमा साहित्यको समाजशास्त्र सम्बद्ध रहेको अनुभूतिको संरचनालाई उपयोग गरी अनुसन्धानात्मक आलेखको सारलाई प्राप्तिको रूपमा प्रस्तुत गरिएको छ ।

रेमन्ड विलियम्स (सन् १९२१-१९८८)द्वारा प्रतिपादित अनुभूतिको संरचना साहित्यको समाजशास्त्र एवं सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण सैद्धान्तिक मान्यता हो । सिद्धान्तकार विलियम्सले मूलत: आफ्ना पुस्तकहरू *कल्चर, कल्चर एन्ड सोसाइटी, कल्चर एन्ड म्याटरियलिज्म, मार्क्सीसिज्म एन्ड लिटरेचर, द लङ रिभोलुसन, किओर्डस :अ कल्चर एन्ड सोसाइटी* आदिमा यससम्बन्धी मान्यताहरू अभिव्यक्त गरेका छन् । यस मान्यतामा विलियम्सले मानिसका नयाँ र पुराना पिँढीको अनुभूति र सामाजिक, सांस्कृतिक प्रभावलाई आधार बनाएका छन् । उनले अनुभूतिको संरचनामा तत्कालीन बेलायती मजदुर वर्गमाथि भएका शोषणको अध्ययन गरी यो मान्यता अघि सारेका हुन् । सांस्कृतिक विषमताको गहिरो प्रभाव र सामाजिक, सांस्कृतिक आयामको सम्बन्धको विश्लेषणका निम्ति अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक मान्यता स्थापना भएको पाइन्छ । यस आधारमा विलियम्सले समाज र संस्कृतिलाई बुझ्ने जीवन्त धारणाको रूपमा अनुभूतिको संरचनालाई अघि सारेका हुन् ।विलियम्सका अनुसार अनुभूति भन्नाले सामाजिक संस्कृतिको परिणामबाट उत्पन्न विशेष धारणा हो । संस्कृतिले मानिसलाई पार्ने प्रभाव अनुभूतिको स्वरूपमा प्रकट हुन्छ । समाज र व्यक्तिको सम्बन्ध पिँढीहरूमा हुने धारणा राख्दै यसमा सामाजिक अनुभवको भूमिका रहने मान्यता अघि सारिएको छ । विलियम्सले यसैलाई अनुभूतिको संरचनाको रूपमा अघि सारेका छन् (सिंह, सन् २००४, ३६) । उनको सिद्धान्त समाजशास्त्रसित निकट रहेको हुन्छ । उनले समाज र संस्कृतिको गहिरो सम्बन्धमाथि अध्ययन गरेका छन् । संस्कृतिको गतिशील पक्ष नै समाज विकासको कारक रहेको उनको मान्यता छ । विलियम्स सांस्कृतिक आयामलाई वस्तुगत, वैज्ञानिक र आधुनिक दृष्टिकोणबाट विश्लेषण गरेर समाजशास्त्रीय दृष्टिमा राख्दछन् । उनले नयाँ आयाममा आएका संस्कृतिहरू एवं उपभोग्य वस्तु मानव

समाजमा विभिन्न प्रकारका अन्तरसम्बन्धका प्रक्रियाहरूसँग सम्बन्धित रहने जनाएका छन् (सन् २०१०, १४०-१४१) । मानव जीवन भौतिक प्रक्रिया र मानवीय संवेदनाको मिश्रणमा रहेको र यसको मूल आधार संस्कृति र समाज भएको विलियम्सको विचार छ । यही संस्कृति र समाजको आयामबाट मानिसमा अनेक प्रकारका अनुभूतिको निर्माण हुन्छ भन्ने उनको सिद्धान्तले औँल्याएको छ । यस चर्चाबाट अनुभूतिको संरचनासित गाँसिएको महत्त्वपूर्ण पक्ष मानव समाज र संस्कृति हो भन्ने बोध हुन्छ ।

विलियम्सको अनुभूतिको संरचनासम्बन्धी विचारको सापेक्षतामा व्यक्त भएका अरु विद्वान्हरूका धारणा पनि उल्लेखनीय रहेका छन् । साहित्यमा प्रकट हुने अनुभूतिको संरचनालाई विशेषतः साहित्यको समाजशास्त्रीय धारका विद्वान्हरूले व्याख्या गरेका छन् । यस सन्दर्भमा इगल्टनको विचारमा विद्वान् गोल्डमानले मानसिक संरचनाको परिपूरक आधारका रूपमा वंशानुगत संरचना, विश्वदृष्टि र ऐतिहासिक संरचनाका पक्षहरूलाई एकीकृत गर्नुपर्ने धारणा अघि सारेका छन् (सन् २०१२, पृ.३०) । यस दृष्टिले हेर्दा समाज, संस्कृति र विचारधाराको जगमा मानव अनुभूतिको संरचना तयार भएको हुन्छ । समाजको बनोटलाई संस्कृतिले निर्धारण गर्ने गर्दछ । संस्कृति सम्बद्ध युगीन समाजको मानवीय आवश्यकतामा विकसित भएको हुन्छ । त्यहाँ सामाजिक मतमतान्तरको पनि विकास हुने गर्दछ । रेमन्ड विलियम्सका मतमा अनुभूति विचारसँग सम्बन्धित हुन्छ । विचार समाजबाट उत्पन्न हुन्छ । विचार र अनुभूतिका बिचमा पारस्परिक सम्बन्ध रहन्छ । त्यसैले व्यावहारिक चेतना, समाजको संस्कृति र विचारबाट संयोजित गरेर मानिसले अनुभूतिको संरचना निर्माण गर्दछ (सन् २०१०, पृ.१३२) । विलियम्सले साहित्य र संस्कृतिको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव अर्थशास्त्रमा पर्दछ भन्ने विचार व्यक्त गरेका छन् । बरालले उद्धृत गरेअनुसार विलियम्सको अनुभूतिको संरचनासम्बन्धी सिद्धान्त संस्कृतिको अध्ययनमा श्रमजीवी वर्गको सम्बन्धलाई जोड्ने सन्दर्भमा आधारित रहेको छ (२०७३, ४९) । साहित्यका विधागत स्वरूपलाई सन्दर्भ बनाउँदा विलियम्सका अनुसार उपन्यासको विश्लेषणले आर्थिक पक्षलाई पनि समेट्ने गर्दछ । त्यसैले मानव समुदायसँग सम्बद्ध विभिन्न प्रवृत्ति तथा धारणालाई समाजको वर्गीय अध्ययनसित सापेक्ष बनाउनु पर्छ (सन् १९६०, पृ.७) । आर्थिक पक्ष मानव समाजको आधारभूत तह हो भने साहित्यिक रचना त्यसपछि निर्माण हुने मानवीय अनुभूतिको प्रकटीकरण हो । समाजको व्यवस्थाअनुसार मानव अनुभूतिको निर्माण हुन्छ । त्यसकारण अनुभूति परिवर्तनीय एवं गतिशील रहन्छ । यसलाई परिवर्तनशील बनाउने काम सामाजिक चेतना, सांस्कृतिक अवस्था एवं मानवीय आवश्यकताले गर्दछ । विलियम्सले अनुभूतिको सम्बन्धमा पिँढीको धारणा अघि सारेका छन् । त्यसकारण पुरानो पुस्ता र नयाँ पुस्ताको मानवीय अनुभूतिको संरचनामा पृथक्ता आउनु स्वाभाविक हुन्छ ।

विलियम्सले विश्लेषण गरेको अनुभूति समाज र संस्कृतिको सापेक्ष रहने अवचेतन तहको प्रकटीकरण हो । समाज मनोविज्ञान र अनुभूतिको संरचनासित सापेक्ष सम्बन्ध रहेको हुन्छ । समाजका विभिन्न गतिशीलता तथा व्यवहारयुक्त क्रियाकलाप एवं प्रतिक्रियाबाट मानव अनुभवहरू निर्माण भई अनुभूतिका तहहरू सिर्जित हुन्छन् । बरालका अनुसार विलियम्सको वैचारिक योगदान थियोडोर अडोर्नो, वाल्टर बेन्जामिन र मूलतः एन्टोनियो ग्राम्सीबाट प्रभावित छ (२०७३, पृ.४९) । त्यस सन्दर्भबाट विलियम्सको सांस्कृतिक दृष्टिकोण समाजसापेक्ष यथार्थ विचारयुक्त भएर विकसित भएको पाइन्छ । मनोवैज्ञानिक दृष्टिकोणबाट हेर्दा अनुभूतिको संरचना मानव मनोवस्थाको एक प्रक्रिया हो । सामाजिक संस्थाहरूले व्यक्तिको हैसियत, भूमिका, अवस्था जस्ता

सन्दर्भमा विभिन्न प्रभाव पार्दछन् (लोपेज, सन् २००२, पृ. २८) । अनुभव, अनुभूति, भोगाइका संवेदनाहरू व्यक्तिगत भए तापनि यसको आधार व्यक्ति बाँचेको समाज नै हो । समाजका विभिन्न परिघटनाहरूले मानिसमा जुन प्रभाव छोड्छन्, त्यसैअनुसार अनुभूतिको संरचना निर्मित हुन्छ । समाजका सांस्कृतिक, राजनीतिक, आर्थिक, पारिवारिक, ऐतिहासिक, प्राकृतिक, धार्मिक, पौराणिक जस्ता आधारहरूको पृष्ठाधारमा रहेर बाँचेको मानिसमा त्यसबाट नै अनुभूतिको संरचना निर्माण हुन्छ । सामाजिक आयामबाट उत्पन्न नैतिक चरित्रबाट जन्मिने अनुभव र अनुभूति नै एक किसिमको दबाबको रूपमा स्थापित हुन्छ (पाण्डेय, २०७३, पृ.३२) । विलियम्सका मतमा प्रभुत्वले समाजमा विभिन्न तहमा प्रवेश गरेर दबाबको अनुभूति निर्माण गर्दछ । तत्कालीन बेलायती समाजमा पाइएका किसान समस्यासँग सम्बद्ध आन्दोलनको प्रत्यक्ष अवलोकनका क्रममा विलियम्समा सामाजिक र सांस्कृतिक चिन्तनको आधार तयार भएको हो (सिंह, सन् २००४, पृ.३२) । त्यस्तो सामन्ती संस्कृतिका विरुद्ध गरिएको मजदुर वर्गको हकहित प्राप्तिको जनवादी अभियानका बिचमा उनले आफ्नो सांस्कृतिक चिन्तन एवं सैद्धान्तिक मान्यताको आधार बनाएका हुन् । यही सामाजिक, सांस्कृतिक चिन्तन र दार्शनिक धरातलमा विलियम्सले अनुभूतिको संरचनात्मक मान्यता प्रस्तुत गरेका हुन् । साहित्यिक समालोचनाका निम्ति यसलाई स्थापित मान्यताको रूप स्वीकार गरिएको छ ।

**अनुभूतिको संरचनाका दृष्टिमा *अग्निदत्त+अग्निदत्त* उपन्यास**

यस आलेखमा विवेच्य उपन्यासमा निहित विभिन्न तह र सङ्केतजन्य अनुभूतिको संरचनालाई प्रतिनिधिमूलक स्वरूपमा निम्नअनुसारका उपशीर्षकहरूमा प्रस्तुत गरिएका छन्-

**विसङ्गतिमूलक अनुभूति**

उपन्यासकार ध्रुवचन्द्र गौतम नेपाली उपन्यास जगत्मा विसङ्गतिवादी धाराका स्रष्टा हुन् । सुवेदीका मतमा विषम परिवेशबाट प्रभावित जीवनलाई सूक्ष्मता साथ र स्वैरकल्पनाका माध्यमबाट अतिरञ्जनायुक्त जस्तो बनाएर लेख्नु उपन्यासकार ध्रुवचन्द्र गौतमको विशेषता हो (२०६४, पृ.३१७) । उनको *अग्निदत्त+अग्निदत्त* उपन्यासमा मूलतः विसङ्गतिजन्य अनुभूति प्रकट गरिएको छ । माध्यमिक कालीन परिवेश तथा स्वैरकल्पनामा केन्द्रित गिरीशवल्लभ जोशीको *वीरचरित्र* उपन्यासलाई विसंरचनात्मक स्वरूपमा गौतमद्वारा यो उपन्यास रचिएको हो । जोशीको उपन्यासमा भएका विसङ्गतिको चिरफार गर्ने उद्देश्य पनि *अग्निदत्त+अग्निदत्त* उपन्यासमा अघि सारिएको छ । लेखकलाई प्रभावमा पारेर विसङ्गत, ढोँगी र व्यभिचारी व्यक्तिलाई पुस्तकमा आदर्श नायक मानेको कथन यस कृतिमा व्यक्त भएकाले विसङ्गत अनुभूतिको पृष्ठभूमिमा नै यो उपन्यास केन्द्रित रहेको छ । विसंरचनाको शैलीमा रचिएको यस उपन्यासमा लेखक गौतमले पुराना लेखक जोशीमाथि नै आरोप लगाएकाले लेखकहरू बिचको विसङ्गतिबोध पनि भएको अनुभूति देखिन्छ । लेखकले पात्रको सही मूल्याङ्कन गर्नुको सट्टा पात्रबाट प्रलोभन र प्रभावमा परी व्यभिचारलाई पनि आदर्श बनाएर चरित्रचित्रण गरिएको विसङ्गत अनुभूतिलाई *अग्निदत्त+अग्निदत्त* उपन्यासको यस अंशले स्पष्ट पारेको छ-

तर मेरा बाबुलाई पुस्तकमा जति असल चित्रित गरिएको छ, त्यति असल मेरा बाबु थिएनन् । मेरा हजुरबाबु बाबुभन्दा खराब थिए । ...मेरा बाबुले त्यस बखत अनुनय-विनय गरेर लेखकबाट आफूलाई अत्यन्त सोझो र धर्मभीरु लेखाए । (पृ.१०१)

उपन्यासमा प्रयुक्त उक्त अंशले केही लेखक र लेखकले चयन गरेका आख्यानको चरित्रचित्रणमा विरोधाभास तथा विसङ्‌गत अनुभूति उत्पन्न भएको जनाएको छ । यस्तो विसङ्‌गतिपूर्ण अनुभूति मनोवैज्ञानिक विसङ्‌गतिको परिणामले बाहिर प्रकट भएको हो । साथै यसमा बाबु, हजुरबाबु आदि आफ्नै पुर्खाहरूका चरित्रमाथि गम्भीर रूपमा नकारात्मक टिप्पणी गर्ने पात्र खडा हुनु, पुख्र्यौली वंशज परम्पराकै विरुद्ध अभिव्यक्ति दिनु, तीव्र असन्तुष्टि व्यक्त गर्नु जस्ता पात्रहरूको चरित्रचित्रण प्रयोगले विसङ्‌गत आन्तरिक अनुभूतिको उद्‌घाटन गरेको छ। यसले मनोगत विसङ्‌गतिका रूपमा मानिसहरू विक्षिप्त भएर बाँचेको आन्तरिक अवस्थालाई उद्‌घाटन गरेको छ । यसबाट मानव समाजमा तहगत रूपमा विसङ्‌गतिहरू लुकेररहेको अवस्था स्पष्ट भएको छ । साथै नेपाली समाजदिनप्रति दिन क्षयन्मुखी बनेको त होइन ? भन्ने प्रश्न यस उपन्यासमा व्यक्त अनुभूतिको संरचनाले सङ्केत गरेको छ। उपन्यासकार गौतम सुरुको चरणमा विसङ्‌गतिमूलक उपन्यासकार हुन् (बराल र एटम, २०५८, पृ. २६५) । उपन्यासकार गौतमको *अग्निदत्त+अग्निदत्त* उपन्यासमा विसङ्‌गतिपूर्ण अनुभूतिलाई प्रयोग गरिएको सन्दर्भको पुष्टि गर्ने गरी शर्माले यसरी समीक्षा गरेका छन्- नाना प्रकारबाट क्षयग्रस्त र क्षतिग्रस्त हुँदै गएको नेपाल वर्तमान समयमा रुग्ण र विकलाङ्ग भएर लड्दैपड्दै हिँडिरहेको छ भन्ने तथ्यको रेखाङ्कन यस उपन्यासमा ज्यादै गम्भीरताका साथ गरिएको छ (२०७०, पृ.ग) । यहाँ उल्लेख भएको समीक्षामा रुग्णताको जुन अभिव्यक्ति दिइएको छ, त्यसले विसङ्‌गत अनुभूतिको संरचनालाई नै बोध गराएको छ । समकालीन नेपाली समाजको बेथितिलाई उपन्यासकार गौतमले विसङ्‌गतिको पाराकाष्ठा मानेर सामाजिक विसङ्‌गतिको चित्रण गरेका छन् । सामाजिक रुग्णता तथा विसङ्‌गति नै विसङ्‌गत अनुभूतिको कारक अवस्था हो भन्ने स्पष्ट हुन्छ । उपन्यासकारले यिनै विसङ्‌गतिको पृष्ठभूमिलाई औँल्याउँदै यसका नकारात्मक चिन्तनमाथि औपन्यासिक अभिव्यञ्जना प्रकट गरेका छन् । उपन्यासमा विसङ्‌गत अनुभूतिको चित्रण यसरी प्रकट गरिएको छ- "घुस्याले खान छोड्दैन, नाठोले जान छोड्दैन र यमराजले लान छोड्दैन" (पृ.११२) । यसरी उपन्यासकार गौतमले घुस खानु, व्यभिचारी गर्नु र यमराजले मान्छे मार्नु जस्ता सामाजिक, प्राकृतिक विचलन, भ्रष्टाचार, बेथिति, मानवीय भय एवं त्रासद् मनस्थितिको जगलाई विषयवस्तु बनाएर विसङ्‌गतिपूर्ण अनुभूतिको संरचनालाई अभिव्यञ्जित गरेका छन् ।

**मिथकीय एवं पौराणिक अनुभूति**

पुराना सम्झना र विश्वासका आधारमा धारणा कायम राख्नु तर तिनको वस्तुगत एवं तथ्यगत आधार नपाइनु नै मिथकीय सन्दर्भ हुन् । यस्ता मिथकहरू विशेषतः पौराणिक विषयमा बढी केन्द्रित रहेको हुन्छ । पुरानो भइसकेर प्रमाणहरू नपाइएको तर विश्वास गर्न पनि नछोडिएको अभिव्यक्तिका सामग्रीहरू नै पौराणिक मिथकका रूपमा रहेका हुन्छन् । मिथकले साहित्यिक अभिव्यक्तिलाई शक्तिशाली बनाउँछ । आख्यान सिर्जनालाई मिथकले बढी सम्प्रेषणीय बनाउँछ । आधुनिक साहित्यमा मिथकको सशक्त प्रयोगद्वारा अभिव्यक्तिलाई बढी सक्षम र गहन तुल्याइन्छ । नेपाली उपन्यासकारहरूमा मिथकको सटीक प्रयोग गर्नेतर्फ ध्रुवचन्द्र अग्रवर्ती देखिनुहुन्छ (शर्मा, २०७०, पृ.घ) । यस सन्दर्भमा पौराणिक मिथकका आधारमा उत्पन्न भएका अनुभूतिको संरचनालाई *अग्निदत्त+अग्निदत्त* उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासकारले आधुनिक समाजमा देखिएका विभिन्न प्रकार र प्रवृत्तिका कमजोरीप्रति व्यञ्जनात्मक अभिव्यक्ति दिन पौराणिक मिथकलाई सन्दर्भ बनाएका छन् । अतिप्राचीन, पौराणिक युगका काल्पनिक पात्रहरूका स्वैरकल्पनात्मक चरित्रका माध्यमबाट आजको

समाजमा भ्रष्ट बनेर रहेका मानिसका चरित्रमाथि प्रहार गर्नु नै यस उपन्यासमा प्रयुक्त पौराणिक मिथकको उद्देश्य देखिन्छ । पौराणिक मिथक पात्र, स्थान, विचार, परिवेशलाई उपन्यासकार गौतमले विवेच्य उपन्यासमा प्रस्तुत गरेका छन् । यिनै प्रस्तुतिबाट यसमा मिथकीय अनुभूतिको संरचना प्रकट भएको पाइन्छ ।

परापूर्वकालमा, एकपटक क्रोधित भएर अगस्त्य ऋषिले एक सिङ्गो समुद्रको अगाध जलको पान गरेका थिए । ...त्यो समुद्र पान गरेपछि रिक्त भएको समुद्रका असङ्ख्य र नाना भाँतिका जीव-जीवात्मकहरूमा हाहाकार मच्चियो । सबैले अगस्त्यमुनिको स्तुति गरे । (पृ.११५)

पौराणिक अनुभूतिले पुराणकालीन जीवनको झलक प्रस्तुत गर्दछ। प्रयुक्त मिथकले समाजशास्त्रीय सन्दर्भको बोध गर्ने सङ्केतहरू प्रदान गर्दछ। त्यसबाट आजको जीवनको कमजोरीमाथि व्यङ्ग्य प्रहार गरिएको छ। लुइटेलका अनुसार पौराणिक विषयलाई नवीनतासहित आधुनिक सन्दर्भमा प्रस्तुत गरिएको उपन्यास *अग्निदत्त+अग्निदत्त* निजात्मक शैलीमा आएको छ (२०६९, पृ.२३४) । मिथक एवं पुराण आफैमा साहित्यिक ज्ञानका खुराकहरू हुन् । यस्तो अनुभूतिले प्राचीनता र आधुनिकताको सूत्रबद्धता गर्ने प्रयास गर्दछ । यस उपन्यासमा मिथकीय अनुभूतिको संरचनाले मानव जीवनको अतीतमुखी सन्दर्भबाट आजको यथार्थलाई पस्केको छ । यसले ज्ञानको आयामलाई फराकिलो बनाएको छ ।

**पारिवारिक विषमताको अनुभूति**

अग्निदत्त+अग्निदत्त उपन्यासमा परिवारमा हुने विषमताबाट उत्पन्न अनुभूतिको संरचनालाई प्रकट गरिएको छ । समाजका कुनै प्रतिनिधित्व बोधका साथ परिवारका सदस्यहरूलाई पात्रको रूपमा प्रयोग गरी तिनको समाजशास्त्रीय, पौराणिक, मिथकीय आधारबाट चरित्रचित्रण गरिएको छ । यसले नेपाली समाजमा पाइने पारिवारिक तनावको अनुभूतिलाई प्रकट गरेको छ । यस कृतिमा आर्थिक, बौद्धिक, सांस्कृतिक र नैतिक रूपमा पतन हुँदै गएपछि एउटै परिवारका सदस्यहरूका बिचमा शङ्का, मुटाव, तनाव, आक्रोश जस्ता विषमतामूलक अनुभूतिलाई व्यङ्ग्यात्मक रूपमा अभिव्यञ्जित गरिएको छ । उपन्यासकार गौतमले पारिवारिक विषमताको अनुभूतिलाई प्रकट गरेका उपन्यास अंश यस्तो रहेको छ-

मसित अगि नै मेरा बाबु अलिक अप्रसन्न थिए । त्यसले गर्दा पछिसम्म पनि मप्रतिको अप्रसन्नताको भाव यदाकदा प्रकट गर्दथे । त्यसैकारण म मेरा भाइजति बाबुको प्रिय बन्न सकिनँ । (पृ.१०२)

औपन्यासिक कथनका माध्यमले नेपाली समाजका परिवारभित्र रहेका अंशवण्डा, आर्थिक अभाव र व्यवस्थापनको कमजोरीले पार्ने तनावको अनुभूतिलाई यस कृतिमा प्रकट गरिएको छ । बुबा र आमाका बिच भएको आशङ्का, बुबा र छोराका बिचको मुटाव, आफ्नै भाइसित भएको वैमनष्य आदिलाई यहाँ अग्निदत्त नामक पात्रमार्फत प्रकट गरिएको छ । यस उपन्यासको मूल पात्र अग्निदत्त परिवारका सदस्यहरूसित रुष्ट रहेको चरित्र देखाइएकाले यसबाट पारिवारिक विषमताको अनुभूति व्यक्त भएको छ । सो पात्रले आफ्ना बाबु र हजुरबुबा दुवै निकृष्ट भएको तर लेखकलाई प्रभाव पारेर आदर्श चरित्रको रूपमा देखाइएको हो भन्ने आरोप लगाएका छन् । वंशजप्रति आदर भाव रहेको तर निम्न कोटिका चरित्रलाई आदर्श मानेको, आफूलाई बुबाले ठगेको, भाइलाई बढी माया गरेको जस्ता नकारात्मक प्रतिक्रिया व्यक्त गरेकाले यसमा पारिवारिक विषमता रहेको स्पष्ट हुन्छ । यस उपन्यासमा अग्निदत्तले व्यक्त गरेको अभिव्यक्तिबाट यसरी पारिवारिक बेमेल एवं विषमताको अनुभूति अभिव्यक्त भएको छ- मुख्य कुरा भाइको आतङ्कले गर्दा म केही बोल्न सक्तिनथेँ । व्यक्तित्वको

आतङ्क भनेको त्यति डरलाग्दो हुँदो रहेछ (पृ.१०४) । यस उपन्यासका नायक अग्निदत्त आफ्नै भाइ विष्णुदत्तको आतङ्कबाट उत्पीडित भएको अनुभूतिलाई उपन्यासकारले चित्रण गरेका छन् । बाबुले भाइलाई मात्रै वास्ता गरेको, आमालाई कुटपिट गरेको, आफूलाई आमाको गर्भमा आएदेखि नै दु:ख दिएको तथा आमाको कोखमा रहँदा नै आमालाई कुटेकाले त्यो कुटाइ आफैलाई लक्ष्य गरेको जस्ता तनावको अनुभूतिले पारिवारिक विसङ्गतिलाई छर्लङ्ग पारेको छ । यस्तो चरित्रचित्रणको प्रयोगले परिवारका सदस्यहरूमा आपसी कलह रहेको र त्यसले परिवारमा विषम परिवेश सिर्जना गरेको अवस्थालाई प्रतिबिम्बन गरेको पाइन्छ । उपन्यासको नायक अग्निदत्तकी आमाको सरल, सोझी र पतिव्रत्य धर्ममा अडिग रहेकी स्वभाव नबुझेर उनका लोग्ने अर्थात् नायकका बाबु गणेशदत्तले शङ्का गरी निकृष्ट व्यवहार गरेको पारिवारिक विषमताको अनुभूति उपन्यासमा यसरी प्रकट गराइएको छ-

...गर्भमा छँदादेखि मेरा बाबुसित मेरो सम्बन्ध आशङ्काग्रस्त थियो । ...एक दिन मेरी आमाले आफूले देखेको स्वप्नको कुरा आफ्ना पतिका सामु बयान गरिदिइन् । ...त्यति सुन्नासाथ मेरा पिता आशङ्काको त्यस्तो डोरीले बाँधिए, जुन नागपाशभन्दा बलियो हुन्छ । उनले मेरी आमालाई त्यस्ता स्वप्नका लागि कुटपिटदेखि लिएर हरसम्भव यातना दिए । झीर तताएर डामिदिए, सिस्नु लाएर नग्न सुत्ने आदेश दिए । अहिलेको जतिसुकै सोझी स्त्री पनि त्यस्तो स्वप्नको बयान गरेर पतिव्रता प्रमाणित हुन स्वीकार गर्दिनथी । त्यसलाई मूर्खता नै मान्ने थिई । पुरुषका कतिवटा निकृष्ट शीलस्वभावलाई आजका स्त्रीले बढी जानेका छन् । मेरी आमाले जानिन् । (पृ. १०३)

उपन्यासकारले आख्यानका माध्यमबाट यसरी परिवारमा देखिएका विषमताले उब्जाएका अनुभूतिको संरचनालाई व्यक्त गरेको पाइन्छ । एकअर्काप्रति आत्मीय सम्बन्धको विकास भई आत्मीय प्रेमको अनुभूति निर्माण हुनुपर्नेमा त्यसको विपरीत दिनानुदिन विषमता बढ्दै गएकाले परिवारका सदस्यहरू भित्रभित्रै उत्पीडित, आतङ्कित, त्रसित भएर विषाक्त मनोदशामा बाँचेको अनुभूतिको प्रतिबिम्बन यस कृतिले बाहिर ल्याएको छ ।

**राजनीतिक-प्रशासनिक विकृतिको अनुभूति**

*अग्निदत्त+अग्निदत्त* उपन्यास विसङ्गति चित्रणमा केन्द्रित छ । यसमा व्यक्ति, परिवार, समाज, राज्य, प्रशासन, संस्कृति जस्ता क्षेत्रमा हुने गरेका, भएका विकृति एवं विसङ्गतिको अनुभूतिलाई प्राथमिकता साथ उठाइएको छ । यिनै विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरी यस्ता गलत अवस्थाको अन्त हुनुपर्ने आशयले नै उपन्यासकारले विसङ्गतिको अनुभूतिलाई प्रकट गरेका छन् । यस सन्दर्भमा राज्य सञ्चालनको गलत तौरतरिका, भ्रष्ट प्रशासनिक मानसिकता, शक्ति र पहुँचका भरमा वैधानिकता बनाउने बाहिरी औपचारिकता, भित्रभित्रै खोक्रो बन्दै गएको राज्यको नीति, आर्थिक अवस्थामा भएका गम्भीर प्रकारका विकृत परिवेशले उत्पन्न भएका अनुभूतिको संरचनालाई यस कृतिमा प्रतिबिम्बित गरिएको छ । उपन्यासकार यस्ता अनुभूति झल्कने गरी यसरी लेख्छन्-

तिनको धारणा थियो, कोठामा बसीबसी गफ चुट्ने दार्शनिक, ठेकेदारबाट कमिसन नपाए जीवन व्यर्थ मान्ने इन्जिनियर र सत्ताको लागि प्राणै त्याग्ने रुचि बढेर आउने राजनीतिबाजभन्दा हामी कति खराब छौँ र, कसैले प्रमाणित गरिदेओस् ? हाम्रा लागि सत्ता तबसम्म तुच्छ हो, जबसम्म त्यो पप्लु वा कम्तीमा जोकर बन्दैन । (पृ.३६)

*अग्निदत्त+अग्निदत्त* उपन्यासको मूल आशय र विषयवस्तुको प्रयोग नै राजनीतिक विसङ्गतिको उद्घाटनमा केन्द्रित रहेको पाइन्छ । राज्य सञ्चालनलाई तासको खेल जस्तो बनाउने र ठेक्कामा निकायहरू चलाउने क्रम एकपछि अर्को बढ्दै गएकोप्रति आम मानिसमा उब्जेको चिन्तालाई यस उपन्यासले समेटेको छ । राज्यसत्ता तासको संरचना जस्तै एकअर्कालाई हराउने र स्वार्थ बटुल्ने प्रवृत्तिमा लागेकोमा तीव्र व्यङ्ग्य भावका साथ यस्ता विसङ्गतिले जन्माएका राजनीतिक र प्रशासनिक अनुभूतिको संरचनालाई उपन्यासकारले सम्प्रेषण गरेका छन् । राज्य कमजोर बनेकाले घुसखोरी, कमिसन संस्कृति, महँगी, ढिलासुस्ती, बेथिति आदिमा वृद्धि भएको उपन्यासकारको बुझाइ छ । यस सम्बन्धमा उनी लेख्छन्-"ठीक घुस लिने र दिनेका बीचमा जस्तो तरिका हुँदो हो, नजानिँदो गरी लेनदेन गर्ने, लगभग त्यस्तै" (पृ.३०) । राज्य सत्तामा राजनीति र प्रशासन अभिन्न भूमिकामा रहेका हुन्छन् । तर राजनीतिक विकृतिले प्रशासन क्षेत्रमा समेत नकारात्मक असर पर्दछ । यही परिवेशलाई आधार मानेर *अग्निदत्त+अग्निदत्त* उपन्यास यस्ता प्रवृत्तिले उब्जाएका नकारात्मक अनुभूतिको संरचना प्रकट गर्न केन्द्रित रहेको छ । यस उपन्यासमा यसलाई स्पष्ट पार्ने कथन यस्तो रहेको छ- "तर चक्की फाल्दाफाल्दै यो पनि भन्न सक्थे-तेरी म्याटोक्ने, देशमा दालभात महँगी हुँदै गयो, घूस र भ्रष्टाचार सस्तो हुँदै गयो, क्या मज्जा छ हँ" (पृ.५४) । यस वाक्यमा प्रयुक्त अश्लील भाषा समाजमा देखिएका अश्लीलताकै प्रतिअसरको रूपमा आएको पाइन्छ । यसलाई विसङ्गतिवादसित जोडेर केलाउनु सही हुन्छ । विसङ्गतिवादी सिर्जनामा विसङ्गत अनुभूतिको अभिव्यक्ति पाइन्छ । यही सन्दर्भमा उपन्यासकार गौतमले *अग्निदत्त+अग्निदत्त* उपन्यासको सिर्जना गरेको बोध हुन्छ । उनी आफ्नो लेखनमा विसङ्गत अनुभूतिको संरचनालाई यसरी व्यवस्थापन गर्छन्-

...यसरी राज्यका धेरै महत्त्वपूर्ण पदहरूमा, ठेक्कापट्टामा र उद्योगव्यवसायमा देशका महान् र सुयोग्य खेलाडीहरू पुग्न समर्थ भएका थिएनन् । मूलतः खेलाडी हुनाले तिनीहरू राज्यको प्रत्येक कुरालाई खेल्ने कुरा ठान्दथे । (पृ.१४८)

यहाँ खेलाडी शब्दमा व्यञ्जनात्मक अर्थको प्रतिबिम्बन गरेर राजनीति गर्ने व्यक्तिहरू विसङ्गतिका खेलाडी बनेको तर्क लेखकले अघि सारेका छन् । राज्य सञ्चालनलाई पनि खेल्ने कुरा ठान्नु राजनीतिक विसङ्गतिको गम्भीर रूप हो । मन्त्री बनेकाहरू गुन्डासित मिलेर राज्य चलाउने दुष्प्रयासमा लागेको विसङ्गत अनुभूतिमाथि पनि उनले तीव्र व्यङ्ग्य भाव राखेका छन् । उनी लेख्छन्- "मन्त्रीले गुन्डा र विदूषकलाई नियन्त्रण गर्न सक्छ तर गुन्डा र विदूषकले भने मन्त्रीलाई सक्तैनन् पृ. १११ ।" व्यङ्ग्यात्मक अनुभूतिलाई प्रस्तुत गरी लेखकले विसङ्गतिका भित्री छिद्रहरूको चिरफार गरेका छन् । यसले मन्त्री हुनेहरूको मिलेमतो गुन्डाहरूसित हुने गरेको सन्दर्भलाई औँल्याएको छ । यसबारे "उपन्यासमा यी कुराहरूको प्रस्तुति अभिधा होइन लक्षणा र व्यञ्जनाको घुम्टो हालेर गरिएको छ (पृ.ग) भन्ने मत पनि व्यक्त भएको छ । उपन्यासकार विसङ्गत मनोदशाको बढी खोज गर्दछन् भन्ने बोध यसबाट देखिएको छ । विसङ्गतिको तीव्र प्रकटीकरण नै यस उपन्यासको अनुभूतिको संरचना रहेको छ । यस सम्बन्धमा लेखकको अभिव्यक्ति यस्तो रहेको छ- "रघुनाथ, कवि बने पनि इन्जेक्सनद्वारा बनेको कवि थियो । उसको कवित्वमा अन्तर देखिन्थ्यो (पृ.१६२) ।" यो प्रसङ्गले साहित्य जगत्मा उब्जेको नयाँ विकृति र त्यसको अनुभूतिको स्वरूपलाई प्रकाश पारेको छ । इन्जेक्सनबाट कवि बन्नु भनेको कवित्व प्रतिभा नभएका तर अरुकै सहायताबाट कवि बनेका आवरणधारी साहित्यकारमाथि व्यङ्ग्य गरिएको अनुभूति यहाँ

प्रकट भएको छ । कविहरू पनि नक्कली र सक्कली हुन थाले भन्ने नयाँ चिन्ता उपन्यासकारले व्यक्त गरेका छन् । यस उपन्यासमा एक पटक गल्ती गरिसकेको, भ्रष्ट भइसकेको, निर्लज्जता प्रदर्शन गरिसकेको मान्छेले अर्को पटक सोही कमजोरी गर्न कुनै समस्या नभएकोमा कडा कटाक्ष गरिएको छ । यस सम्बन्धमा उपन्यासमा लेखिएको छ-

महात्मनले उत्तर दिए-म तिनको समुद्र पनि यसै गरी निलिदिन्छु । मलाई के छ ? जरुरी एक पटक निर्लज्ज हुनेलाई अर्को पटक निर्लज्ज हुन कठिन हुँदैन, त्यसै गरी एउटा समुद्र निल्ने तपस्वी अर्को झन् सजिलैसित निल्न समर्थ हुन्छ । (पृ.११५)

माथिको साक्ष्यलाई हेर्दा राजनीतिक, प्रशासनिक विकृतिको सूक्ष्म तहसम्मै पुगेर त्यसको मनोविज्ञान, अनुभूतिको स्वरूपलाई यसरी औपन्यासिक कथनमा अभिव्यञ्जित गरिएको छ। नेपालको राजनीतिक, प्रशासनिक विसङ्गतिको आयामहरूमा केन्द्रित भई यस उपन्यासको विकृत मनोदशाको उद्घाटन गरेको छ । अनुभूतिको स्रोत मनोविज्ञान नै हो । मनोविज्ञानको स्रोत समाज हो । समाजलाई राज्यसत्ता र राज्यसत्ता सञ्चालन गर्ने प्रशसन संयन्त्रले प्रभाव पारेको हुन्छ । सोही प्रभावको जगबाट बनेको अनुभूतिलाई टिपेर साहित्यकारले आफ्ना रचनामा अभिव्यक्त गर्दछन् । यसअनुसार *अग्निदत्त+अग्निदत्त* उपन्यासमा नेपालको विभिन्न समय र सन्दर्भमा विकसित राजनीतिक विकृति र प्रशासनिक विसङ्गतिको प्रभावबाट उत्पन्न विसङ्गत अनुभूतिको संरचनालाई प्रस्तुत गरिएको छ । राज्यको मूल निकाय विकृत भएमा पनि आम जनतामा निराशा, कमजोरी, हीनता उत्पन्न हुन्छ । यसले मानिसलाई अश्लील र छाडापनमा रूपान्तरण पनि गर्दै लाने सम्भावना रहन्छ । यसको सङ्केत पनि यस उपन्यासमा गरिएको छ । यस उपन्यासमा लेखिएको छ- "तर वृक्षा सुत्दाखेरि अलिकति त्रास ओढेरै सुत्छे, आज पो त्यो कामुक सन्न्यासी मोरो प्रकट भइदिने हो कि ! (पृ.२८) ।" यस्ता अश्लील अभिव्यक्ति कमजोर सामाजिक, राजनीतिक, सांस्कृतिक अवस्थाको परिणाम उत्पन्न भएका विसङ्गत अनुभूतिको संरचना नै हुन् । यसले अश्लील यौन मनोदशाको अनुभूतिलाई प्रकट गरेको छ । राजनीतिक र प्रशासनिक विसङ्गतिका कारण अन्य निकायहरू पनि कमजोर र अराजक बन्दै जाने क्रममा मानिसको यौन मनोविकार पनि बढ्दै गएको अवस्थालाई उपन्यासमा चित्रण गरिएको छ ।

अतः उपर्युक्त अनुच्छेदहरूमा *अग्निदत्त+अग्निदत्त* उपन्यासको विश्लेषण गर्दा अनेक प्रकारका र प्रवृत्तिका कारक तत्त्वहरूबाट उत्पन्न भएका नकारात्मक प्रवृत्ति, हीनताको ग्रन्थि, अराजकता, बेथिति, राज्यसंयन्त्रको निकम्मापन, योजनाहीन योजना, दक्षताहीन पदधारण, लक्ष्यहीन सरकार, नीतिहीन गन्तव्य, प्रशासनिक भ्रष्टाचार जस्ता पक्षहरूले विसङ्गतिको वातावरण बनाएका छन् । यस्ता विसङ्गत अवस्था व्यक्तिदेखि सुरु भएर परिवारमा विकास भएको छ । त्यसपछि समाज नै प्रभावित बनेको छ । त्यस्ता विसङ्गति परिवारमा मात्रै सीमित नरही त्यसले समाज मनोविज्ञानमा असर पारेकोछ । त्यो समाजबाट प्रशासन, राजनीतिक तह, राज्य तहसम्म पुगेर विसङ्गत मनोवृत्तिको व्याप्ति बन्न पुगेको छ । यिनै विसङ्गत जगत्ले दिएको दबाब, तनाव, गलत प्रेरणा, प्रभावबाट बनेको मनोवृत्तिमा नकारात्मक अनुभूतिको संरचना निर्माण भएको छ । यिनै विसङ्गतिमूलक अनुभूतिको संरचनालाई *अग्निदत्त+अग्निदत्त* उपन्यासमा अभिव्यक्त गरिएको पाइन्छ ।

## निष्कर्ष

प्रस्तुत आलेखमा उपन्यासकार ध्रुवचन्द्र गौतमद्वारा रचिएको *अग्निदत्त+अग्निदत्त* उपन्यासलाई अनुभूतिको संरचनाका दृष्टिले गरिएको विश्लेषणका प्राप्तिलाई निम्नलिखित निष्कर्षात्मक अनुच्छेदमा प्रस्तुत गरिएको छ-

समाजमा चरम राजनीतिक बेथितिको परिणामस्वरूप जन्मेका विसङ्गतिले नकारात्मक मनोदशा निर्माण गरेको छ । प्रशासनिक क्षेत्रको अस्तव्यस्त काम गराइ र जबाफदेहीपनको कमीका कारण विसङ्गत मानसिकता उब्जेको छ । यस उपन्यासमा यिनै सन्दर्भले प्रभाव पारेका विसङ्गत अनुभूतिको संरचना व्यक्त गरिएको यस आलेखबाट बोध भएको छ ।

उपन्यासमा आर्थिक, सामाजिक, धार्मिक, वैचारिक विसङ्गतिका कारण व्यक्ति र परिवारमा यो प्रतिबिम्बित भएर पारिवारिक विसङ्गत अनुभूति प्रकट भएको कथन व्यक्त गरिएको यस आलेखको निचोड छ । यसलाई पारिवारिक विषमतामूलक अनुभूतिको रूपमा बोध गर्नु यथोचित भएको यस लेखको निष्कर्ष हो ।

अति प्राचीन सामाजिक सन्दर्भलाई मिथकीय र पौराणिक प्रतीक, बिम्बका माध्यमबाट आधुनिक समाजको चरित्रबोध गराइएकाले मिथकीय अनुभूतिको संरचना उपन्यासमा प्रस्तुत गरिएको स्पष्ट भएको छ । भय, त्रास, आशङ्का, सन्न्यास भाव र पौराणिक ऋषिमुनिले समुद्र पान गरेको मिथकका आधारमा प्राचीनतादेखि आजसम्म विसङ्गतिको अनुभूति प्रक्ट भइरहेको उपन्यासको कथन भएको यस आलेखमा प्रकट गरिएको छ ।

समग्रमा विषमतामूलक चरित्रचित्रण र भावनात्मक अभिव्यक्तिलाई उपन्यासकारले प्रतिध्वनित गरेर विसङ्गतिजन्य अनुभूतिको संरचनालाई उपन्यासमार्फत उद्घाटन गरेको निष्कर्ष यस आलेखबाट प्राप्त भएको छ ।

## सन्दर्भ सामग्री


इगल्टन, टेरी (सन् २०१२). *मार्क्सीसिज्म एन्ड लिटरेरी क्रिटिसिज्म.* राउटलेज ।

गौतम, ध्रुवचन्द्र (२०७०). *अग्निदत्त+अग्निदत्त.* साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* साझा प्रकाशन ।

बराल, ऋषिराज र नेत्र एटम (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *नेपाली उपन्यासको इतिहास.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लोपेज, जोसे र जोन स्कट (सन् २००२). *सोसियल स्ट्रक्चर.* भिबा बुक्स प्राइवेट लिमिटेड ।

विलियम्स, रेमन्ड (सन् १९६०). *कल्चर एन्ड सोसाइटी.* एन्चर बुक्स् कम्पनी इन्क ।

विलियम्स, रेमन्ड (सन् २०१०). *मार्क्सीसिज्म एन्ड लिटरेचर.* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

शर्मा, मोहनराज (२०७०). *अग्निदत्त+अग्निदत्त.* भूमिका. साझा प्रकाशन ।

सिंह, मनोजकुमार (सन् २००४). *नयी कविता का समाजशास्त्र.* तथागत प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४). *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति.* साझा प्रकाशन ।